काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३७ ❐ मंगलवार, २६ जेठ, २०८३ ❐ Tuesday, 9 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कृषि अनुदानका नाममा करोडौं खर्च उपयोगिताबारे सुनिश्चिता छैन

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २५ जेठ

कर्णाली प्रदेशमा कृषि अनुदानका नाममा ७७ करोड बढी खर्च गरिएको छ। तर अनुदानबाट लक्षित वर्गले नै लाभ प्राप्त गरेको सुनिश्चिता छैन।

कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका निकायहरूले कृषक र कृषि उद्यमीलाई विभिन्न अनुदान वितरण गर्दै आएका हुन्। तर अधिकांश कृषकले पहुँचका भरमा अनुदान लिने गरेका छन्। आलोचनाकाबिच वितरण हुदै आएको अनुदानमा न उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालनको अनुगमन गरी प्रतिवेदन तयार गरिएको छ। नत व्याज अनुदान उपयोगको अनुगमन गरी लक्षित कृषक वर्गले लाभ प्राप्त गरेको सुनिश्चित गरिएको छ। मन्त्रालयले प्रदान गरेको अनुदान उपयोगको अनुगमन समेत नगरिएको महालेखापरीक्षकको आठौं प्रतिवेदनमा उल्लेख छ। अनुदान प्राप्त गर्नेको विवरण समेत सार्वजनिक नगरी अनुदान उपयोगको सुनिश्चितताबारे गैरजिम्मेवार बनेको महालेखाको सुझाव छ। प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मन्त्रालयले कृषि प्रविधि प्रवर्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू-उपयोग, बागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रवर्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्धन तथा पशुपन्छी आहार र



ब्याज अनुदानमा पनि उस्तै हालत

मन्त्रालय र मातहतका निकायले चार आर्थिक वर्षमा १६ करोड बढी व्याज अनुदान वितरण गरेका छन्। व्याज अनुदान उपलब्ध गराउँदै आए पनि यसको वास्तविक उपयोगिता, उत्पादन वृद्धिमा परेको प्रभाव तथा लक्षित वर्गसम्म पुगे-नपुगेको विषयमा प्रभावकारी अनुगमन हुन नसकेको पाइएको छ।

मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ देखि २०८१/८२ सम्म चार वर्षको अवधिमा हजारौं कृषक तथा कृषि उद्यमीलाई व्याज अनुदान वितरण गरिएको छ। उक्त अवधिमा कुल पाँच हजारभन्दा बढी लाभग्राहीले अनुदान प्राप्त गरेका छन्।

तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा एक हजार २२७ जना लाभग्राहीलाई करिब तीन करोड ९६ लाख ७९ हजार रुपैयाँ व्याज अनुदान वितरण गरिएको थियो। त्यसपछिको आर्थिक वर्ष २०७९/८० मा लाभग्राही संख्या बढेर एक हजार ३७६ पुगेको थियो, भने अनुदान रकम करिब चार करोड ६९ लाख ४१ हजार रुपैयाँ पुगेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा लाभग्राही संख्या बढेर दुई हजार ६९० पुगे पनि अनुदान रकम करिब चार करोड नौ लाख ६ हजार रुपैयाँमा सीमित देखिएको छ। यस्तै आर्थिक वर्ष २०८१/८२ मा भने लाभग्राही संख्या बाँकी पृष्ठ २

कृषि उपकरण खरिदका नाममा अनुदान वितरण गरिएको छ। यी विभिन्न शिर्षकमा ७७ करोड ७८ लाख नौ हजार र व्याज अनुदानबापत तीन करोड ५३ लाख ११ हजारसमेत गरी कुल ८१ करोड ३१ लाख २० हजार अनुदान उपलब्ध गराईएको हो।

कर्णाली कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९ को दफा १४(५) मा प्रदेशमा सञ्चालित बैङ्क वा वित्तीय संस्था र बचत तथा ऋण सहकारीले कृषि व्यवसायमा प्रवाह गरेको कर्जामा प्रदेश सरकारले व्याज अनुदान दिन सक्ने व्यवस्था छ। यसमा कर्णाली कृषि व्यवसाय प्रवर्धन नियमावली, २०८० को नियम १२ मा कम्पनी तथा कृषकलाई उपलब्ध हुने कृषि ऋणमा मन्त्रालयले ७ प्रतिशतसम्म र प्रदेश सरकार तथा स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्ने सहकारी संस्थाबाट आफ्नो सेयर सदस्यलाई प्रवाह गरेको ५० हजारदेखि पाँच लाख रुपैयाँसम्मको कृषि ऋणको ब्याजमा १० प्रतिशत व्याज अनुदान दिन सक्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि गत आर्थिक वर्षमा १२ करोड ५० लाख बजेट विनियोजन भएकोमा मन्त्रालयले ६ वाणिज्य बैङ्कहरूमार्फत ५४२ कृषकलाई तीन करोड २६ लाख ५८ हजार र कृषि विकास निर्देशनालय सुर्खेतले सहकारीमार्फत ३०४ कृषकलाई २६ लाख ५३ हजार गरी जम्मा ८४६ कृषकलाई कुल तीन करोड ५३ लाख ११ हजार व्याज अनुदान उपलब्ध गराएको छ।

कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा १३ मा अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण अनुसूची-७ बमोजिमको ढाँचामा वेबसाइटमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस्तै अद्यावधिक विवरण मन्त्रालयमा पठाउनु पर्ने र दफा ५० मा अनुदानको अनुगमन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। तर गत वर्ष कृषि उपकरण खरिद, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया बितरण तथा दुध उत्पादन लगायत विभिन्न कार्यक्रमका लागि ७७ करोड ७८ लाख नौ हजार अनुदान दिएको छ। तर नत अनुदान उपयोगको अनुगमन गरी प्रतिवेदन तयार पारिएको छ। न अनुदान प्राप्त गर्नेको विवरण समेत सार्वजनिक गरिएको छ।

आगामी वर्ष प्रदेश र पालिकालाई कति अनुदान ?

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २५ जेठ

आगामी आर्थिक वर्ष २०८३/०८४ मा सरकारले प्रदेश र स्थानीय तहलाई विभिन्न चार प्रकारका अनुदानमार्फत कुल ४ खर्ब २४ अर्ब २७ करोड रुपैयाँ दिने गर्ने भएको छ। यसमध्ये प्रदेशलाई १ खर्ब ९ अर्ब र स्थानीय तहलाई ३ खर्ब १४ अर्ब रुपैयाँ प्राप्त हुनेछ।

स्थानीय तहमा महानगरपालिकालाई ११ अर्ब ७३ करोड, उपमहानगरपालिकालाई ११ अर्ब ५० करोड, नगरपालिकालाई १ खर्ब ३८ अर्ब ६६ करोड र गाउँपालिकालाई १ खर्ब ५२ अर्ब ७१ करोड रुपैयाँ विनियोजन गरिएको छ।

अनुदानका प्रकारमध्ये वित्तीय समानीकरण अनुदान प्रदेशलाई ६१ अर्ब ५० करोड र स्थानीय तहलाई ९० अर्ब २० करोड, सशर्त अनुदान प्रदेशलाई ३९ अर्ब ७२ करोड र स्थानीय तहलाई २ खर्ब ६ अर्ब, विशेष अनुदान प्रदेशलाई ३ अर्ब ८२ करोड र स्थानीय तहलाई ९ अर्ब ४० करोड, तथा समपूरक अनुदान प्रदेशलाई ४ अर्ब ६० करोड र स्थानीय तहलाई ८ अर्ब ९२ करोड छुट्याइएको छ।

प्रदेशमध्ये मधेश प्रदेशले सबैभन्दा बढी १७ अर्ब ५९ करोड र कर्णाली प्रदेशले १७ अर्ब २० करोड अनुदान पाउने छन् भने गण्डकीले १२ अर्ब ७२ करोड र लुम्बिनीले १४ अर्ब ४१ करोड पाउने छन्।

बिस विद्यालयलाई ल्यापटप वितरण

❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, २५ जेठ

जिल्ला सदरमुकाममा रहेको सिमकोट गाउँपालिकाले आफ्ना मातहतमा रहेका २० सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरेको छ।

शिक्षामा सूचना प्रविधिको पहुँच विस्तार गर्ने उद्देश्यले सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरिएको हो। करिब रु ४५ लाख बराबरको ४० थान ल्यापटप वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भलाराम पन्नालीले बताए। गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तर सुधार, विद्यार्थीलाई प्रविधिमैत्री शिक्षा प्रदान तथा डिजिटल सिकाइ वातावरण



निर्माण गर्ने लक्ष्यसहित ल्यापटप हस्तान्तरण गरेको हो।प्रमुख प्रशासकीय अधिकृत पन्नालीले शिक्षामा गरिएको लगानी भविष्यमा मानव संसाधन विकास र समग्र गाउँपालिकाको समृद्धिसँग जोडिएको बताए। उनले विद्यालयमा ल्यापटप मात्र वितरण गरेर नरोकिने, यसको प्रभावकारी उपयोगका लागि आवश्यक तालिम तथा व्यवस्थापनमा समेत सहयोग गर्ने जानकारी दिए।

सिमकोट गाउँपालिकाले पछिल्ला वर्षहरूमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै विद्यालय पूर्वाधार सुधार, शैक्षिक सामग्री व्यवस्थापन, शिक्षक क्षमता विकास तथा डिजिटल शिक्षामा लगानी, ग्रामीण क्षेत्रका विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्न भूमिका खेल्न ल्यापटप वितरण गरेको अधिकृत पन्नालीले बताए।

यु-१९ राष्ट्रिय महिला क्रिकेट:

बागमतीको पहिलो जित, घरेलु टोलीको दोस्रो हार

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २५ जेठ

सुर्खेतमा जारी यु-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले पहिलो जित निकालेको छ। प्रतियोगिताअन्तर्गत यसअघि खेलेका दुई खेलमा लगातार हार व्यहोरेको बागमतीले सोमबारको खेलमा पहिलो जित हात पारेको हो। यससँगै बागमतीले हालसम्मकै सर्वाधिक स्कोर समेत बनाएको छ। तेस्रो खेल बागमती र कोशी प्रदेशबीच भएको हो। बागमतीले २३ रनको जित हात पारेको छ। योसँगै बागमती दुई अंकका साथ तालिकाको पाँचौं स्थानमा उल्किएको छ।



कालुङचोक मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीले २० ओभरमा ५ विकेट गुमाउँदै १६९ रनको योगफल खडा गरेको थियो। बागमतीका लागि ओपनर सेविकाकुमारी यादव र प्रथा श्रेष्ठले उत्कृष्ट साझेदारी गरे। दुबैले १४.३ ओभरसम्म क्रिजमा टिकेर पहिलो विकेटका लागि १२३ रनको बलियो साझेदारी गरे। ११ चौकासहित ४७ बलमा ६६ रन जोडेकी सेविका टीका शाहीको बलमा शुभेक्षा लिम्बुबाट क्याच आउट भइन्। त्यसको दुई ओभरपछि प्रथा पनि ४८ बल खेल्दै ११ चौकासहित ६१ रन जोडेर खिमकला घिमिरेबाट बोल्ड भईन।जवाफी ब्याटिङमा सम्हालिएर प्रदर्शन गरेको कोशीका प्रिन्सा राना मगरले ४१, टीका शाहले ३७ र पूर्णिमा राजवंशीले २० रन बनाए। अतिरिक्त पाएको ३३ रनको फाइदा पनि उठाउन नसक्दा कोशीको इनिङ्स १४६ मै सीमित हुन पुग्यो।

कर्णालीको लगातार दोस्रो हार

जारी प्रतियोगितामा घरेलु टोली कर्णाली प्रदेशले लगातार दोस्रो हार व्यहोरेको छ। घरेलु टोलीले दोस्रो हार व्यहोर्दा मधेशले भने लगातार दोस्रो जीत हात पारेको छ। सुदूरपश्चिम प्रदेशले अहिलेसम्म खेलेका तीन वटै खेल जितेर उपाधि दावेदारीलाई बलियो बनाएको छ। सोमबार कालुङचोक मैदानमा कर्णालीविरुद्धको खेलमा मधेसले नौ विकेटको फराकिलो अन्तरले जित्यो आफ्नो बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, २६ जेठ, २०८३
Tuesday, 9 June 2026

सम्पादकीय

कर्णालीवासीलाई निराश नबनाउ

कर्णाली प्रदेशको स्वास्थ्य सेवाको मुख्य आधारका रूपमा रहेको प्रदेश अस्पताल सुर्खेतले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति हासिल गरेको छ । भौतिक पूर्वाधार विस्तार, आधुनिक स्वास्थ्य उपकरणको व्यवस्थापन तथा विशेषज्ञ सेवाको वृद्धि जस्ता क्षेत्रमा अस्पतालले महत्वपूर्ण फड्को मारेको छ । प्रदेशका दुर्गम जिल्लादेखि सुदूरपश्चिम र लुम्बिनी प्रदेशका केही क्षेत्रका नागरिकका लागि समेत यो अस्पताल भरोसायोग्य उपचार केन्द्र बनेको छ । तर यति धेरै उपलब्धिका बाबजुद अस्पतालको सबैभन्दा ठूलो समस्या जनशक्ति अभाव बनेको छ । अस्पतालमा ५ सय शैयासम्म सेवा सञ्चालन गर्न सक्ने संरचना निर्माणको काम लगभग सम्पन्न भइसकेको छ। तर आवश्यक चिकित्सक, नर्स तथा प्राविधिक कर्मचारीको अभावले अस्पताल अझै ३०० शैयामा सीमित छ । यसले राज्यको लगानी र स्वास्थ्य सेवाको आवश्यकता बीचको असन्तुलनलाई स्पष्ट रूपमा देखाउँछ । भवन बनाउने, उपकरण खरिद गर्ने र नयाँ सेवा थप्ने काम महत्त्वपूर्ण भए पनि ती सेवा सञ्चालन गर्ने जनशक्ति नहुँदा उपलब्धि अधुरो बन्न पुगेको छ ।

प्रदेश अस्पतालमा बिरामीको चाप प्रत्येक वर्ष बढिरहेको छ । ओपीडी, आकस्मिक सेवा, शल्यक्रिया, प्रसूति सेवा तथा डायलाइसिस सेवामा आउने बिरामीको संख्या निरन्तर बढ्दो छ । अस्पतालले न्युरोसर्जरी, आईसीयू, एनआईसीयू, मानसिक स्वास्थ्य, फिस्टुला उपचार लगायतका जटिल सेवा पनि प्रदान गरिरहेको छ। तर विशेषज्ञ चिकित्सकका धेरै पद रिक्त हुनु र करार तथा काजमा आएका जनशक्तिको भरमा सेवा सञ्चालन हुनु दीर्घकालीन रूपमा जोखिमपूर्ण अवस्था हो । अस्पतालमा करोडौं रूपैयाँ मूल्यका अत्याधुनिक उपकरण जडान गरिएका छन् । तर ती उपकरण सञ्चालन गर्न आवश्यक दक्ष जनशक्ति नहुँदा केही सेवा पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । यसले राज्यको लगानीको प्रभावकारितामाथि समेत प्रश्न उठाएको छ। स्वास्थ्य क्षेत्रमा पूर्वाधारसँगै दक्ष जनशक्तिको व्यवस्थापनलाई समान प्राथमिकता नदिँदा यस्ता समस्या देखिएका हुन् । स्वास्थ्य बीमा कार्यक्रमले नागरिकलाई उपचारमा सहज पहुँच दिएको छ । तर अस्पतालले प्राप्त गर्नुपर्ने ठूलो रकम भुक्तानी हुन बाँकी रहनु अर्को चुनौती बनेको छ। सेवा विस्तारसँगै आर्थिक स्रोत र जनशक्ति व्यवस्थापनको समस्या समाधान गर्न नसकिए अस्पतालमाथिको दबाब झन् बढ्ने निश्चित छ ।

स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार हो । त्यसैले प्रदेश सरकार र सम्बन्धित निकायले अब भवन निर्माणको उपलब्धिभन्दा सेवा प्रवाहको गुणस्तरमा ध्यान दिनुपर्छ । रिक्त दरबन्दी तत्काल पूर्ति गर्ने, विशेषज्ञ चिकित्सकको व्यवस्था मिलाउने र अस्पताललाई आवश्यक बजेट तथा अधिकार उपलब्ध गराउने काम अब ढिला गर्नु हुँदैन । अन्यथा पूर्वाधार विस्तारका उपलब्धिहरू कागजमा सीमित हुनेछन् र गुणस्तरीय स्वास्थ्य सेवाको अपेक्षा गरेका कर्णालीवासी निराश बन्नेछन् ।

राज्यको विभेदकारी कसीमा विद्यालय कर्मचारी र बालविकास शिक्षक



✍ घनश्याम सुवेदी

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, श्रमको हक र सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ।

राज्यले श्रम ऐनमार्फत श्रमिकहरूको न्यूनतम पारिश्रमिक तोकेको छ । तर, देशको भविष्य निर्माण गर्ने शैक्षिक संस्थाको जग बलियो बनाउने बालविकास (इसीडी) शिक्षक, विद्यालय कर्मचारी, कार्यालय सहयोगी र लेखापालहरूका हकमा भने राज्यका यी तमाम कानुन र संवैधानिक व्यवस्थाहरू केवल 'कागजी हात्ती' साबित भएका छन् ।

वर्षौंदेखि जारी यो नीतिगत विभेद र श्रम शोषण आखिर कहिलेसम्म चल्ने हो? यो आज सिंगो मुलुकको शिक्षा क्षेत्रको सबैभन्दा पेचिलो र लज्जास्पद प्रश्न बनेको छ।

बजेटको चरम विभेद: कसरी चल्छ १०-१५ हजारले जीवन ?

हालै सार्वजनिक भएको संघीय सरकारको बजेट वक्तव्यले राज्यको विभेदकारी र अमानवीय अनुहारलाई पुनः उदाङ्गो पारेको छ । एकतर्फ निजामती (सरकारी) तर्फका कर्मचारीहरूको न्यूनतम पारिश्रमिक झण्डै ४० हजार रुपैयाँ पुऱ्याउन बजेट विनियोजन गर्ने सरकारले, अर्कोतर्फ त्यही सरकारकै शिक्षा प्रणाली धान्ने विद्यालय कर्मचारी, बालविकास शिक्षक, कार्यालय सहयोगी र लेखापालहरूलाई भने महिनाको १० देखि १५ हजार रुपैयाँमा खुम्च्याएको छ।

बजारको चर्को महँगीले सरकारी हाकिम र विद्यालयका कर्मचारीलाई फरक-फरक मूल्य तोक्दैन । सिंहदरबारका शासकहरूलाई सोध्न मन छ– आजको यो महँगीको जमानामा महिनाको १०-१५ हजार रुपैयाँले एउटा परिवारको कोठाभाडा, रासन, छोराछोरीको पढाइ र औषधोपचार खर्च कसरी व्यवस्थापन हुन सक्छ ? श्रमको योभन्दा क्रूर उपहास र शोषण अर्को के हुन सक्छ ?

लोकप्रियतावादी राजनीतिको 'रमिते पारा' र भ्रमको खेती

विगतका चुनावहरूमा पुराना राजनीतिक दल र नेताहरूलाई मात्र दोष देखाएर, 'विगतमा केही भएन, अब हामी बदल्छौं' भन्दै चर्का नारा र जनमत लिएर आएका नयाँ शक्ति र वर्तमान सरकारको रवैया पनि अन्ततः 'रमिते पारा'को मात्रै देखियो ।

राजनीतिमा केवल लोकप्रियता (पपुलिजम) कमाउनका लागि समस्याको चर्को व्याख्या गर्ने, तर सत्ताको कुर्सीमा पुगेपछि तिनै उत्पीडितहरूको श्रम शोषणलाई निरन्तरता दिने वर्तमान सरकारको यो दोहोरो चरित्र एकदमै बेठिक र निन्दनीय छ।

वर्तमान सरकारले विगतका सरकारहरूको काँधमा बन्दुक राखेर आफ्नो जिम्मेवारीबाट उम्किने बहानाबाजी बन्द गर्नुपर्छ । सस्तो नाराबाजी छोडेर सरकारले यी शिक्षक र कर्मचारीहरूको न्यायोचित मागलाई तत्काल सम्बोधन गर्नुपर्दछ ।

रित्तो हात अवकाश र कात्रो किन्न पनि ऋण खोज्नुपर्ने नियति

आज देशका झण्डै २० लाख बालबालिका आधारभूत बालविकास केन्द्रहरूमा अध्ययनरत छन् । ती स-साना नानीबाबुहरूको दिसा-पिसाब सोहोर्ने, उनीहरूलाई संस्कार सिकाउने, र अक्षर चिनाउने 'गुरुआमा' हरूको श्रमलाई राज्यले कौडीको भाउमा मूल्याङ्कन गरेको छ।

विद्यालयको ढोका र झ्याल खोल्ने, घण्टी बजाउने, फुलबारीमा पानी हाल्ने र सरसफाइ गर्ने कार्यालय सहयोगी तथा विद्यालयको लाखौं-करोडौंको आर्थिक हिसाबकिताब दुरुस्त राख्ने लेखापालहरूले आफ्नो सिङ्गो जीवन विद्यालयमा बिताउँछन् ।

तर, उमेर हदका कारण अवकाश हुँदा अन्तिम महिनाको तलब बाहेक उनीहरूले केही पाउँदैनन् । रित्तो हात घर फर्किनुपर्दा उनीहरूको आत्मसम्मानमा कति ठूलो चोट लाग्छ होला ?

विभेदको पराकाष्ठा त कतिसम्म छ भने, सेवाकै सिलसिलामा वा अवकाशपछि कसैको मृत्यु भएमा कात्रो किन्ने र क्रिया खर्च जुटाउन समेत उनका सन्ततिले छिमेकीसँग ऋण खोज्नुपर्ने बाध्यात्मक अवस्था छ।

फेदीखोला गाउँपालिकाको अनुकरणीय र ऐतिहासिक जग

राज्यले स्रोत र साधनको अभाव देखाएर जिम्मेवारीबाट पन्छिरहेको बेला स्याङ्जाको फेदीखोला गाउँपालिकाको नीतिगत जग र नेतृत्वदायी कदमले देशैभरिका स्थानीय सरकार र संघीय सरकारलाई समेत एउटा बलियो सकारात्मक पाठ सिकाएको छ।

फेदीखोला गाउँपालिका आफ्ना पालिकाभित्रका बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूलाई श्रम ऐनबमोजिमको न्यूनतम पारिश्रमिक ग्यारेन्टी गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा कोष (एसएसएफ)मा आबद्ध गराउने नेपालकै पहिलो पालिका बनेको छ।

जब एउटा स्थानीय सरकारले दृढ इच्छाशक्ति देखाएर आफ्ना श्रमिक शिक्षक-कर्मचारीलाई सामाजिक सुरक्षा र सम्मान दिन सक्छ भने, देशका अन्य स्थानीय सरकार र अर्बौंको बजेट चलाउने संघीय सरकार किन मूकदर्शक बनेका छन्? संघीय सरकारको मुख मात्र ताकेर बस्ने स्थानीय सरकारहरूको प्रवृत्ति पनि अब फेरिनुपर्छ । अन्य स्थानीय सरकारहरूले फेदीखोलाको यो उदाहरणीय मोडेलबाट सिकेर शिक्षक-कर्मचारीका जायज मागहरू पूरा गर्न आफैं अग्रसर भई जुट्नु पर्दछ।

संघीयताको मर्मविपरीत जिम्मेवारी पन्छाउने खेल

शिक्षा र श्रम दुवै नागरिकका मौलिक हक हुन् । तर बजेट र दायित्वको कुरा आउँदा स्थानीय सरकारतिर औंला देखाउने र नीति नियम बनाउँदा सिंहदरबारमै शक्ति केन्द्रित गर्ने संघीय सरकारको प्रवृत्ति संघीयताको मर्मविपरीत छ । राज्यका अंगहरूले एक-अर्कालाई देखाएर जिम्मेवारी र जवाफदेहिताबाट भाग्ने खेल तुरुन्त बन्द हुनुपर्छ।

निष्कर्षः अबको बाटो, निर्णायक दबाब

आश्वासनका पोका सुन्ने, आश्वासनमा फस्ने र ज्ञापनपत्र बुझाउने दिन अब सकिएका छन् । राज्यको यो अन्धो, बहिरो र संवेदनाहीन नेतृत्वलाई ब्युँझाउन अब निर्णायक र वारपारको दबाब आवश्यक छ।

शासकहरूलाई उनीहरूको संवैधानिक र कानुनी कर्तव्य महसुस गराउन देशभरिका लाखौं बालविकास शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरूको भावनालाई समेट्दै कानुनी, राजनीतिक र सडक संघर्षको आँधीबेहरी सिर्जना गर्नुको अब कुनै विकल्प छैन ।

श्रमको सम्मान नगर्ने राज्य कहिल्यै लोकतान्त्रिक र समाजवादउन्मुख हुन सक्दैन । यो संस्थागत विभेदको अन्त्यका लागि सम्पूर्ण शिक्षक, कर्मचारी र न्यायप्रेमी आम नागरिक एक जुट भई निर्णायक आन्दोलनमा होमिनु आजको अपरिहार्य आवश्यकता हो ।

व्याज...

घटेर ८४६ मा झरेको छ, भने वितरण गरिएको अनुदान रकम तीन करोड ५३ लाख ११ हजार रुपैयाँ रहेको छ।

तर वर्षेनी ठूलो संख्यामा कृषकलाई व्याज अनुदान वितरण गरिए पनि त्यसले कृषि उत्पादन, रोजगारी सिर्जना, उद्यम विस्तार वा आयआर्जनमा कस्तो प्रभाव पारेको छ ? भन्नेबारे मन्त्रालयसँग स्पष्ट मूल्यांकन छैन । अनुदान प्राप्त गरेका धेरै लाभग्राहीको व्यवसाय सञ्चालन अवस्था, ऋणको उपयोग तथा प्रतिफलको विषयमा नियमित अनुगमन नभएको सरोकारवालाहरू बताउँछन् ।

कृषि क्षेत्रमा कार्यरत जानकारहरूका अनुसार वास्तविक किसानभन्दा पहुँच भएका व्यक्ति, सहकारी तथा उद्यमीहरूले अनुदानको बढी लाभ लिने गरेको गुनासो लामो समयदेखि उठ्दै आएको छ। कतिपय अवस्थामा बैंकबाट ऋण लिएर अनुदान प्राप्त गरे पनि कृषि उत्पादनमा अपेक्षित सुधार नदेखिएको उनीहरूको भनाइ छ ।

प्रदेश सरकारले कृषिलाई उत्पादनमुखी र व्यावसायिक बनाउने उद्देश्यले व्याज अनुदान कार्यक्रम सञ्चालन गर्दै आए पनि वितरणपछि हुने अनुगमन, मूल्यांकन र नतिजा मापन प्रणाली कमजोर हुँदा कार्यक्रमको प्रभावकारिता देखिएको छैन । सरोकारवालाहरूले अब अनुदान वितरणसँगै त्यसबाट प्राप्त उपलब्धिको मापन गरी वास्तविक किसान र उत्पादनशील क्षेत्रमा केन्द्रित गर्नुपर्नेमा जोड दिएका छन् ।

अनुगमन र पारदर्शिता अभाव रहेसम्म व्याज अनुदान कार्यक्रम पहुँचवालाको लाभ लिने माध्यम बन्ने जोखिम रहने देखिन्छ । त्यसैले यस्ता अनुदान वितरणमा अब प्रदेश सरकार समयमै सच्चिन जरुरी छ । यसबारे जनप्रतिनिधि र कर्मचारी दुबै गम्भिर बन्न आवाश्यक छ, भने यस्ता कार्यक्रममा गरिएको खर्चको पारदर्शीताबारे सम्बन्धित निकायले अनुसन्धान गर्न जरुरी छ ।

बागमतीको...

पहिलो खेलमा कोशीमाथि जीत निकालेको मधेस लगातार दोस्रो जीतसँगै महत्वपूर्ण चार अंक प्राप्त गरेको छ। पहिले व्याटिङ थालेको कर्णालीले चार विकेटको क्षतिमा १०३ रनको लक्ष्य दिएको थियो् । मधेसले यो लक्ष्य ९.१ ओभरमा एक विकेट गुमाएर पूरा गऱ्यो । घरेलु मैदानमा कर्णालीलाई सम्मानजनक स्कोरसम्म पुर्याउन कप्तान तिर्सना विश्वकर्माले नटआउट ४९ रनको पारी खेल्दा उमा चौधरीले ३३ रन जोडेर कप्तानलाई दरिलो साथ दिइन् । जम्मा १ रन जोडेकी कर्णालीकी ओपनर सरिता विष्ट पहिलो ओभरमै रन आउट भएपछि दोस्रो ओभरमा अर्की ओपनर सोविता शाही साक्षी यादवको बलमा शून्यमै आउट हुन पुगिन् । छैठौं ओभरको खेल सकिँदा शिखा दुवाडी पनि ५ रनमा डगआउट फर्किएपछि कमजोर बनेको कर्णालीलाई तिर्सना र उमाले १०२ रनको सम्मानजनक स्कोरसम्म पुर्याए । तिर्सना र उमाले सम्हालिएर ब्याटिङ गर्दै चौथो विकेटका लागि ८६ रनको साझेदारी गरे । अर्धशतक पूरा गर्नबाट जम्मा १ रनले चुकेकी तिर्सनाले ६५ बलको सामना गर्दा ३ चौकासहित ४९ रन बनाइन् । अर्को छेउबाट साथ दिएकी उमाले ३३ बलमा ४ चोकासहित २९ रन जोडिन् । जवाफी ब्याटिङमा उत्रिएको मधेसका लागि ओपनरद्वय सना प्रविनले नटआउट ४४ र अलिशा यादवले ४७ रन जोड्दै आठौं ओभरसम्म साझेदारी गर्दै मधेसको जीत सुनिश्चित गरे ।पहिलो खेलमै अर्धशतकीय पारी खेलेकी सनाले २१ बलमा ९ चौका र अलिशाले ३३ बलमा ८ चौका र एक छक्कासहित ४७ रन बटुलेर जीतको आधार तयार गरे । आक्रामक खेल्दै अर्धशतकतिर लम्किएकी अलिशालाई आठौं ओभरको चौथो बलमा कर्णालीकी समीक्षा बिसीले एलबीडब्ल्यू धरापमा पारिन् ।

यस्तै वीरेन्द्रनगर मैदानमा भएको अर्को खेलमा सुदूरपश्चिमले लुम्बिनीलाई ८ विकेटले पराजित गरेको छ । टस जितेर पहिला ब्याटिङ गरेजेको लुम्बिनीले ओपनर अञ्जी पाठकको ७६ र आशना चौधरीको २४ रनको महतमा ५ विकेट गुमाएर १४१ को स्कोर बनाएको थियो । लुम्बिनीका अरु ब्याटरले दोहोरो आँकडा छुन सकेनन् । ३१ रन अतिरिक्त खर्चिदै कमजोर बलिङ प्रर्दशन गरेको सुदूरका लागि ओपनरहरुले नै जीतका लागि १३२ रनको साझेदारी गर्दै बलियो जग बसाले । ४५ बलको सामना गरेकी प्लयेर अफ दि म्याच सावित्री धामीले एक छक्का र ११ चौकासहित नटआउट ७६ रन बनाइन् भने दोश्रो क्रमकी करुणा विष्टले पनि चार चौकासहित ४० बलमा ४५ रन बटुलेर साथ दिइन् ।

पहिलो खेलमा पूर्वेली टोली कोशीमाथि ८९ रनको जीतसहित प्रतियोगिताको शुरुवात गरेको सुदूरपश्चिमले दोस्रो खेलमा बागमतीलाई पराजित गरेको सुदूरपश्चिम तेस्रो जीतसँगै छ अंक जोडेर शीर्षस्थानमा उल्किएको छ।

नेताहरूले दुखाए चित्त



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा सबै दलका नेताहरूले चित्त दुखाएका छन् । बैठकमा बोल्ने क्रममा विपक्षी दलका सबै नेताहरूले सरकार एकलकाँटे भएको भन्दै आलोचना गरे । सरकारले विपक्षीको कुरै नसुनेको र नियत स्पष्ट नभएको भन्दै पार्टी सभापति लामिछानेसँग गुनासो पोखेको हुन् ।

मालपोतका कागजात व्यवस्थापनमा चुनौती



काँक्रेविहार संवाददाता

हुम्ला, २५ जेठ

मालपोत कार्यालय हुम्लामा रहेका जिल्लाभरका जग्गासम्बन्धी पुराना अभिलेख तथा स्रेस्ता संरक्षणको अभावमा जोखिममा परेका छन् ।

बर्सौं पुराना कागजात जस्तापाताले छाएको भवनको माथिल्लो भागमा कपडामा बाँधेर राखिएको अवस्थामा भेटिएकाले तिनको दीर्घकालीन सुरक्षामाथि प्रश्न उठेको छ ।

मालपोत कार्यालयमा रहेका अभिलेखहरूको अवस्थाबारे चासो व्यक्त गर्दै जिल्लाका पूर्वसांसद छक्कबहादुर लामाले जग्गा सम्बन्धी महत्वपूर्ण कागजात असुरक्षित रूपमा राखिएको बताए ।

उनका अनुसार जिल्लाका विभिन्न गाउँपञ्चायत तथा साविकका गाउँ विकास समितिका अभिलेख व्यवस्थित रूपमा संरक्षण नगरिएकाले कतिपय कागजात बिग्रिन थालेका छन् ।

जस्तापाताबाट पानी चुहिने तथा गर्मीयाममा अत्यधिक तापक्रम हुने कारणले धेरै कागजातमा दुसी लागेको छ । केही अभिलेख कुहिएर पढ् नसमेत नसकिने अवस्थामा पुगेको बताइएको छ ।

वर्षौंदेखि सुरक्षित भण्डारणको व्यवस्था नहुँदा स्थानीय नागरिकका जग्गासम्बन्धी ऐतिहासिक तथा कानुनी महत्वका कागजात नष्ट हुने जोखिम बढेको सरोकारवालाको भनाइ छ ।

स्थानीयवासीले मालपोत कार्यालयमा रहेका अभिलेखको संरक्षण र व्यवस्थापनप्रति गम्भीर ध्यान दिन सम्बन्धित निकायसँग माग गरेका छन् ।

व्यक्तिको जग्गा स्वामित्व, किनबेच, नामसारी तथा अन्य कानुनी प्रक्रियाका आधारका रूपमा रहेका कागजात असुरक्षित अवस्थामा रहनु चिन्ताको विषय भएको उनीहरू बताउँछन् ।

मालपोत कार्यालयमा रहेका अभिलेखहरू साविकका गाउँपञ्चायत र गाविसका आधारमा समेत व्यवस्थित रूपमा वर्गीकरण नगरिएको पाइएको छ ।

कागजात छरपष्ट अवस्थामा राखिएकाले आवश्यक पर्दा खोज्नसमेत कठिन हुने गरेको सेवाग्राहीको गुनासो छ । विशेषगरी सात नम्बर फाँटबारी, दुई नम्बर रसिदलगायतका महत्वपूर्ण अभिलेख समेत पर्याप्त संरक्षणबिना राखिएको बताइएको छ ।

स्थानीयले पुराना अभिलेखलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने, सुरक्षित अभिलेख कक्ष निर्माण गर्ने तथा कागजातलाई व्यवस्थित रूपमा वर्गीकरण गरी संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

यसले अभिलेख संरक्षणसँगै सेवाग्राहीलाई सेवा प्रवाहमा पनि सहजता ल्याउने विश्वास गरिएको छ । यता मालपोत कार्यालयले भने पुराना कागजातको संरक्षण र व्यवस्थापनका लागि आवश्यक बजेट तथा भौतिक पूर्वाधारको अभाव रहेको जनाएको छ ।

कार्यालयका अनुसार सीमित स्रोतसाधनका कारण अभिलेखलाई आधुनिक र सुरक्षित ढंगले व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ । तथापि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै अभिलेख संरक्षणका लागि पहल भइरहेको कार्यालयले जनाएको छ ।

स्थानीय सरोकारवालाले जग्गासम्बन्धी महत्वपूर्ण अभिलेखको संरक्षणमा संघ, प्रदेश र स्थानीय तहका निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन् । समयमै संरक्षणका उपाय अवलम्बन नगरे भविष्यमा महत्वपूर्ण अभिलेख हराउने वा नष्ट हुने जोखिम बढ्ने उनीहरूको चेतावनी छ ।

आर्थिक गणना लक्ष्यभन्दा माथि



काँक्रेविहार संवाददाता

जुम्ला, २५ जेठ

जुम्लामा आर्थिक गणना २०८२ अन्तर्गतको तथ्यांक संकलन लक्ष्यभन्दा बढी भएको छ । वैशाख दुई गतेदेखि सुरु भई असार सात गतेसम्म सञ्चालन हुने आर्थिक गणनामा जिल्लाले निर्धारित लक्ष्य पार गर्दै उल्लेखनीय प्रगति हासिल गरेको हो ।

जिल्ला आर्थिक गणना कार्यालय जुम्लाका अनुसार आर्थिक गणना अभियानमा जुम्ला देशभरका ८४ वटा जिल्ला कार्यालयमध्ये उत्कृष्ट प्रदर्शन गर्ने जिल्लामध्ये एक बनेको छ ।

कार्यालय प्रमुख दीपेन्द्रसिंह धामीको प्रत्यक्ष निगरानीमा १८ जना गणक र तीन जना सुपरिवेक्षक निरन्तर फिल्डमा परिचालित भएपछि लक्ष्यभन्दा बढी तथ्यांक संकलन सम्भव भएको हो ।

जुम्लाका लागि कुल चार हजार चार सय ११ आर्थिक प्रतिष्ठानको विवरण संकलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो । तर जेठ २४ गतेसम्मको तथ्यांक अनुसार चार हजार सार सय १६ आर्थिक प्रतिष्ठानको विवरण संकलन भइसकेको छ, जुन लक्ष्यको एक सय १४ प्रतिशत उपलब्धि हो ।

कार्यालय प्रमुख धामीका अनुसार यसपटकको लक्ष्य अघिल्लो आर्थिक गणनाको तुलनामा उल्लेखनीय रूपमा बढाइएको थियो ।

आर्थिक गणना २०७५ मा जुम्लाका लागि तीन हजार ७८ आर्थिक प्रतिष्ठानको विवरण संकलन गर्ने लक्ष्य तोकिएको थियो । यसपटक लक्ष्य झन्डै एक हजार तीन सयले वृद्धि गरी चार हजार चार सय ११ पुऱ्याइएको भए पनि जिल्लाले निर्धारित लक्ष्यभन्दा बढी उपलब्धि हासिल गरेको छ ।

उनले छोटो अवधिमा जुम्लामा व्यापार, व्यवसाय, साना उद्योग, कलकारखाना तथा अन्य आर्थिक गतिविधि विस्तार भएको तथ्यांकले देखाएको बताए । आर्थिक प्रतिष्ठानको संख्या बढ्दै जानुले जिल्लाको आर्थिक गतिविधि विस्तार हुँदै गएको संकेत गर्ने उनको भनाइ छ ।

पालिकागत विवरण अनुसार सबैभन्दा धेरै आर्थिक प्रतिष्ठान चन्दननाथ नगरपालिकामा रहेका छन् । नगरपालिकामा रहेका एक हजार छ सय ४८ प्रतिष्ठानमध्ये एक हजार चार सय ८५ प्रतिष्ठानको विवरण संकलन भइसकेको छ । यस्तै तातोपानी गाउँपालिकाका तिन सय ५९ मध्ये तिन सय ३४, कनकासुन्दरी गाउँपालिकाका पाँच सय ५९ मध्ये चार सय १४ प्रतिष्ठानको विवरण संकलन गरिएको छ ।

तिला र सिँजा गाउँपालिकामा भने लक्ष्यभन्दा बढी आर्थिक प्रतिष्ठान फेला परेका छन् । तिला गाउँपालिकामा चार सय ७८ प्रतिष्ठानको लक्ष्य दिइएकोमा पाँच सय ५७ प्रतिष्ठानको विवरण संकलन गरिएको छ । त्यस्तै सिँजा गाउँपालिकामा ३८६ को लक्ष्य रहेकामा ४२५ आर्थिक प्रतिष्ठानको विवरण संकलन गरिएको छ ।

पातारासी गाउँपालिकामा चार सय ३१ मध्ये तिन सय ४३, हिमा गाउँपालिकामा दुई सय ९५ मध्ये दुई सय ६३ तथा गुठीचौर गाउँपालिकामा तिन सय तिन मध्ये एक सय १४ आर्थिक प्रतिष्ठानको विवरण संकलन भइसकेको कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख धामीले यसपटक तथ्यपरक र यथार्थ विवरण संकलनका लागि गणक तथा सुपरिवेक्षकलाई प्रत्यक्ष रूपमा फिल्डमा परिचालन गरिएको बताए ।

आर्थिक गणनाबाट जिल्लाको व्यापारिक तथा आर्थिक गतिविधिको वास्तविक अवस्था उजागर हुने भएकाले तथ्यांक संकलनलाई विशेष प्राथमिकता दिइएको उनको भनाइ छ ।

हाल पनि विभिन्न स्थानीय तहमा गणक तथा सुपरिवेक्षक परिचालित छन् । निर्धारित लक्ष्य पूरा भइसके पनि असार सात गतेसम्म गणना कार्य जारी रहने र सकेसम्म सबै आर्थिक प्रतिष्ठानको विवरण समेट्ने प्रयास भइरहेको जिल्ला आर्थिक गणना कार्यालयले जनाएको छ ।

विकास योजनाको कार्यान्वयनमा सुधार

काँक्रेविहार संवाददाता

डोल्पा, २५ जेठ

डोल्पामा विकास निर्माण तथा अनुदान कार्यक्रमको कार्यान्वयनमा पछिल्ला वर्षहरूमा सुधार देखिन थालेको छ ।

विगतमा योजना तथा अनुदानका कार्यक्रम कागजमै सीमित हुने, बजेट दुरुपयोग हुने र गुणस्तर भन्दा प्रक्रियागत औपचारिकतामा बढी ध्यान दिने प्रवृत्ति रहे पनि पछिल्लो समय अनुगमन प्रणाली प्रभावकारी बन्दै जाँदा कार्यान्वयनमा सकारात्मक परिवर्तन देखिएको हो ।

जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाको नेतृत्वमा सामाजिक विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालयका प्रतिनिधि, प्राविधिक तथा सञ्चारकर्मी सम्मिलित टोलीले ठूलीभेरी नगरपालिकाका विभिन्न विकास आयोजना तथा अनुदान कार्यक्रमहरूको स्थलगत अनुगमन गरेको छ । अनुगमनपछि जिसस प्रमुख रोकायाले अधिकांश योजना तथा कार्यक्रम सन्तोषजनक अवस्थामा भेटिएको बताए । उनका अनुसार निरन्तर अनुगमन, पारदर्शिता र जवाफदेहितामा जोड दिइएकाले विगतको तुलनामा योजना कार्यान्वयनमा उल्लेखनीय सुधार आएको छ ।

"पहिले कामभन्दा कागजी प्रक्रिया मिलाउने प्रवृत्ति बढी थियो । अहिले नियमित अनुगमन र उत्तरदायित्वको संस्कार विकास भएसँगै विकास योजनामा सुधार देखिन थालेको छ," उनले भने ।

सामाजिक विकास कार्यालय डोल्पाका प्रमुख दुर्गाराज विष्टले शिक्षा र स्वास्थ्य क्षेत्रका पूर्वाधार निर्माण तथा सेवा विस्तारका कार्यक्रम नियमित रूपमा अनुगमन गरिँदै आएको जानकारी दिए ।



उनका अनुसार योजना सम्झौतादेखि भुक्तानी प्रक्रियासम्म निगरानी बढाइएकाले अनियमितता न्यूनीकरणमा सहयोग पुगेको छ ।

अनुगमनका क्रममा ठूलीभेरी नगरपालिका पाँच स्थित माझफाल स्वास्थ्य चौकीमा गरिएको मार्बल तथा टायल बिछ्याउने कार्यको गुणस्तर सन्तोषजनक पाइएको छ । तर वडा नं. सात जुफालस्थित बिडीथान आधारभूत विद्यालयको निर्माणाधीन भवनमा मापदण्डविपरीत निर्माण सामग्री प्रयोग भएको भेटिएपछि सुधारका लागि निर्देशन दिइएको छ । यस्तै कृषकको साझेदारीमा निर्माण भइरहेका केही पशु खोर अपेक्षा अनुसार गुणस्तरीय नभेटिएपछि सम्बन्धित लाभग्राहीलाई तत्काल सुधार गर्न भनिएको छ ।

ठूलीभेरी नगरपालिका आठ स्थित गौरी आधार भूत विद्यालय डाँगअँवाडाका प्रधानाध्यापक टेकबहादुर डाँगीले विद्यालय परिसरमा निर्माण गरिएको घेराबारले सुरक्षा व्यवस्थापनमा सुधार ल्याएको बताए । उनका अनुसार छाडा चौपायाबाट हुने क्षति रोकिँदा विद्यालयको शैक्षिक वातावरण पनि थप व्यवस्थित बनेको छ ।

अनुगमन टोलीले पशु अस्पताल तथा पशु सेवा कार्यालयमार्फत सञ्चालन भएका विभिन्न अनुदान कार्यक्रमको समेत मूल्याङ्कन गरेको थियो । केही कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइएको भए पनि केहीमा सुधार आवश्यक देखिएको जनाइएको छ ।

स्रोत केन्द्र विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरेका केही लाभग्राहीले सम्झौता अनुसार नयाँ संरचना निर्माण नगरी पुराना संरचना मर्मत गरेको भेटिएपछि सम्बन्धित पक्षलाई कार्यक्रमको उद्देश्य अनुसार कार्यान्वयन गर्न निर्देशन दिइएको छ ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयका योजना शाखा अधिकृत अक्कलबहादुर सेजुवालले अनुदान कार्यक्रमको प्रभावकारिता बढाउन गुणस्तरीय पूर्वाधार निर्माण र उद्देश्यअनुरूप कार्यक्रम सञ्चालनमा जोड दिइएको बताए ।

उनले सेवाग्राहीलाई पहुँचयुक्त स्थानमा संरचना निर्माण गर्न तथा कार्यक्रमबाट अपेक्षित प्रतिफल सुनिश्चित गर्न निर्देशन दिइएको जानकारी दिए ।

डोल्पामा विगतमा विकास योजना र अनुदान कार्यक्रमका नाममा हुने अनियमितता तथा बजेट दुरुपयोगका घटना चर्चामा आउने गरेका थिए । तर पछिल्लो समय अनुगमन, सार्वजनिक उत्तरदायित्व र कानुनी निगरानी बढ्दै जाँदा विकास निर्माण क्षेत्रमा सुधारको संकेत देखिएको सरोकारवालाहरूको भनाइ छ ।

अनुगमन टोलीले आगामी दिनमा पनि गुणस्तरीय कार्यान्वयन, पारदर्शिता र जवाफदेहितालाई थप मजबुत बनाउँदै विकास कार्यक्रमलाई नागरिकमुखी र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

मंगलवार, २६ जेठ, २०८३
Tuesday, 9 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

वन्यजन्तु द्वन्द्व रोक्न संयुक्त गस्ती



काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २५ जेठ

रुकुमपश्चिममा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु संरक्षणलाई प्रभावकारी बनाउन सुरक्षा निकाय र वन कार्यालयले संयुक्त सुरक्षा गस्ती सञ्चालन गर्ने भएका छन् ।

डिभिजन वन कार्यालयमा शनिबार सम्पन्न जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठकले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागसँग समन्वय गरी संयुक्त गस्ती परिचालन तथा सूचना आदानप्रदान गर्ने निर्णय गरेको हो ।

डिभिजन वन कार्यालयका प्रमुख वसन्तबाबु श्रेष्ठले मानव-वन्यजन्तु द्वन्द्वका कारण हुने सम्भावित क्षति न्यूनीकरण गर्नुका साथै प्रतिशोधस्वरूप वन्यजन्तु मार्ने, पासो थाप्ने, विद्युतीय धराप तथा विष प्रयोग गर्ने गतिविधि नियन्त्रण गर्न संयुक्त पहल आवश्यक रहेको बताए । उनका अनुसार सुरक्षा निकाय र वन कार्यालयबीचको सहकार्यले वन्यजन्तु संरक्षण तथा अपराध नियन्त्रणमा प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

बैठकले वन्यजन्तु चोरीसिकारी तथा तिनका अंगको अवैध व्यापार नियन्त्रणलाई थप प्रभावकारी बनाउन छिमेकी जिल्लासँग समेत सहकार्य गर्ने निर्णय गरेको छ । यसका लागि रुकुमपश्चिम, जाजरकोट, डोल्पा, रुकुमपूर्व र सल्यान जिल्लाबीच समन्वयात्मक बैठक आयोजना गरी साझा रणनीति तयार गरिने जनाइएको छ । त्यसैगरी वन्यजन्तुबाट प्रभावित नागरिकलाई राहत वितरण प्रक्रियालाई सहज, छिटो र प्रभावकारी बनाउन डिभिजन वन कार्यालयमार्फत नै राहत उपलब्ध गराउने व्यवस्था मिलाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

डिभिजन वन कार्यालयले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि यसअघि पनि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय सरोकारवालासँगको सहकार्यमा अभिमुखीकरण, छलफल र जनचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

कमलादी, काठमाण्डौ, नेपाल, फोन नं. ०१-५९७०३३३

ग्राहक महानुभावहरूलाई आफ्नो PAN No . तथा खाताको विवरण अद्यावधिक गर्ने बारेको अत्यन्त जरूरी सूचना !

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२, सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ (संशोधन महित), सम्पत्ति शुद्धिकरण निवारण नियमावली, २०८१ बमोजिम खातावाला ग्राहक तथा निजका हिताधिकारीका ग्राहक पहिचान विवरणहरू (जस्तै घर/कार्यालय, सम्पर्क ठेगाना/टेलिफोन, मोबाइल/कारोबार/पेशा/व्यवसाय/स्वामित्व संरचना/व्यवस्थापन, ल्याप्चे सहिछाप, राष्ट्रिय परिचयपत्र (NID) वा राष्ट्रिय परिचय नम्बर (NIN) लगायत अन्य) अद्यावधिक गर्नुपर्ने भएको हुँदा खातावाला ग्राहकहरुले यस अघि बुझाउन बाँकी कागजात तथा विवरण वा परिवर्तित थप विवरण आफ्नो खाता रहेको शाखा वा आफुलाई पायक पर्ने नेपाल एसबिआई बैंकको कुनै पनि शाखामा सम्पर्क गरी अद्यावधिक विवरण एवं कागजात बैंकमा पेश गराउन हुन अनुरोध गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२ बमोजिम कुनै पनि संस्थागत खातावाला ग्राहकका साथै रू. ५०,००,०००.०० (अक्षरूपी रुपैया पचास लाख) भन्दा बढीको मुद्दती निक्षेप खोल्ने प्राकृतिक व्यक्तिहरुले समेत खाता खोल्दा आफ्नो PAN No . अनिवार्य रुपमा बैंकमा उपलब्ध गराउनु पर्ने प्राबधान रहेको हुँदा यस अघि PAN No . बुझाउन बाँकी ग्राहकवर्गले आफ्नो खाता रहेको शाखा वा आफूलाई पायक पर्ने नेपाल एसविआई बैंकको कुनै पनि शाखामा सम्पर्क गरी अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछौं ।

माथि उल्लेख गरे बमोजिम खातावाला ग्राहकहरुले ग्राहक पहिचान विवरण अद्यावधिक नगरेमा वा आवश्यक कागजात पेश नगरेमा खाताहरूको कारोबार रोक्का राख्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री चन्द्रा सलामी** धनी रहेको, **दर्ता नम्बर** ९४०५/०७८/०७९ बाट **भेरीगंगा-११ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **थापा कृषि तथा पशुपालन बंगुर फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सुरेश आचार्य** धनी रहेको, **दर्ता नम्बर** ७७७७/०७७/०७८ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **अनुष्का कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री जयबहादुर बुढा** धनी रहेको, **दर्ता नम्बर** ८१३०/०७८/०७९ बाट **सिम्ता-१ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **झरना कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)